"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८३।०८४
चलानी नं. :-

मिति :-

**अनुदानको रासायनिक मल बिक्री–वितरण गर्न सूचीकृत/नवीकरण हुने सम्बन्धी सूचना।**

**सूचना नं - ९**

**सूचना प्रकाशित मिति : २०८३/०४/२०**

स्थानीय तहमा अनुदानको रासायनिक मल व्यवस्थापनका लागि **अनुदानको रासायनिक मल वितरण व्यवस्थापन कार्यविधि, २०८२** बमोजिम कृषकहरूलाई आवश्यक पर्ने अनुदानको रासायनिक मलको आपूर्ति तथा बिक्री–वितरण व्यवस्थापनलाई प्रभावकारी बनाउन विहादी गाउँपालिका क्षेत्रभित्र रहेका इच्छुक सहकारी संस्थाहरूलाई सूचीकृत/नवीकरण गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ।

इच्छुक सहकारी संस्थाहरूले मिति **२०८३/०४/२० देखि २०८३/०५/०३ गतेसम्म** देहाय बमोजिमका कागजातहरू सहित विहादी गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुल्ने पहिलो दिन कार्यालय समयभित्र निवेदन पेश गर्न सकिनेछ। रीत नपुगेका वा म्याद नाघी प्राप्त भएका निवेदनहरू छनोट प्रक्रियामा समावेश गरिने छैन।

**सूचीकृत/नवीकरणका लागि आवश्यक कागजातहरू**

१. सहकारीको लेटरप्याडमा सूचीकृत/नवीकरण हुन पाउँ भन्ने निवेदन।
२. सम्बन्धित वडा कार्यालयको सिफारिस।
३. सहकारी संस्था सूचीकृत/नवीकरण गर्ने सम्बन्धी सञ्चालक समितिको निर्णयको प्रतिलिपि।
४. सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
५. नयाँ सूचीकृत हुनका लागि आर्थिक वर्ष **२०८०/८१** र **२०८१/८२** को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।
६. गत आर्थिक वर्षमा सूचीकृत भई नवीकरण गर्ने संस्थाको हकमा आर्थिक वर्ष **२०८१/८२** को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।
७. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
८. आर्थिक वर्ष **२०८१/८२** सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
९. सहकारी संस्थाको विनियमको प्रतिलिपि।
१०. नापतौल गर्ने मेसिन, गोदामघर, कर्मचारी, सूचना प्रविधि लगायतका आवश्यक भौतिक पूर्वाधारको विवरण।
११. सहकारी संस्था मार्फत रासायनिक मल बिक्री–वितरणका लागि जिम्मेवार व्यक्ति तोकिएको निर्णयको प्रतिलिपि।
१२. **अनुदानको रासायनिक मल वितरण व्यवस्थापन कार्यविधि, २०८२** को अनुसूची–४ बमोजिमको प्रतिबद्धता पत्र।

**नोटः**

- कार्यविधिमा व्यवस्था भएबमोजिम **कृषि सहकारीलाई प्राथमिकता** दिइनेछ।
- गाउँपालिकाले आवश्यक ठानेमा थप कागजात वा विवरण माग गर्न सक्नेछ।
- बिक्री–वितरण गाउँपालिकाको निर्णय तथा प्रचलित कार्यविधि बमोजिम हुनेछ।

थमन बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत